# आ.व. २०८१/८२ को

# वार्षिक प्रगति प्रतिवेदन




नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, गोरखा**

# आ.ब. २०८१/८२ को
# बार्षिक प्रगति प्रतिवेदन


नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

**तथ्याङ्क समन्वय कार्यालय, गोरखा**

प्रकाशक :
तथ्याङ्क समन्वय कार्यालय,गोरखा
फोन. नं ०६४-५२०१९८
इमेल : scogorkha@nsonepal.gov.np

# हाम्रो भनाई

आर्थिक वर्ष २०८१।८२ मा तथ्याङ्क समन्वय कार्यालय, गोरखाबाट सम्पादन भएका कार्यक्रम तथा क्रियाकलापहरूको प्रगति समेटेर यो विवरण पुस्तिका प्रकाशन गर्न पाउँदा खुशी लागेको छ ।

तथ्याङ्क विकासका लागि र विकास जनताका लागि हो , (Stattistics for planning ,planning for development and development for people)।तथ्याङ्क सम्बन्धी क्रियाकलापहरूबाट राष्ट्र र नागरिकको वर्तमान अवस्थाको बारेमा जानकारी प्राप्त भई सामाजिक एवं आर्थिक रूपान्तरणका क्षेत्रमा अपेक्षित सुधार गर्न नीतिगत तथा प्रकृयागत निर्णयका लागि आधार प्राप्त हुन्छ । विकासका नीति, योजना, कार्यान्वयन अनुगमन र मूल्याङ्कनका लागि सरोकारवालाहरूलाई आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन, प्रशोधन, प्रविष्टी एवं सामान्य विश्लेषणको कार्य तथ्याङ्क समन्वय कार्यालयबाट हुने गर्दछ ।

आ.व.२०८१/८२ मा यस कार्यालयको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने सरोकारवालाहरू (तथ्याङ्क एवं सूचनाका उत्तरदाताहरू, स्थानीय तह, विभिन्न सामाजिक ,आर्थिक संघ संगठनहरु, गैरसरकारी निकायहरू, संघीय कार्यालयहरू) एवं कार्यान्वयनमा सहयोग तथा उत्प्रेरणा प्रदान गर्ने राष्ट्रिय तथ्याङ्क कार्यालय र यसका विभिन्न महाशाखा, शाखाहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु । यस कार्यालयबाट संचालन हुने बजेट तथा कार्यक्रमहरु समयमा नै कार्यान्वयन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने यस कार्यालयका सवै कर्मचारी साथीहरू प्रति विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु ।

अन्त्यमा आ.व. २०८१।८२ मा यस कार्यालयका कार्यक्रम/क्रियाकलापहरू कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने एवं यो प्रगति विवरण पुस्तिका तयार पार्ने कार्यमा योगदान पुऱ्याउनुहुने तथ्याङ्क समन्वय कार्यालय, गोरखाका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । आगामी आ.व.मा संचालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्दा यस आ.व. मा हासिल भएका अनुभव, उपलब्धी तथा पृष्ठपोषणलाई समेत दृष्टिगत गरी कार्यान्वयन गर्ने गराउने कुरामा कार्यालय प्रतिबद्ध रहेको छ । यस प्रतिवेदन तयारीका लागि सल्लाह सुझाब उपलब्ध गराउनुहुने सबैमा पुनः हार्दिक धन्यवाद दिंदै यसमा रहेका कमीकमजोरीहरु औंल्याई आगामी प्रतिवेदनहरु अझ परिष्कृतरुपमा प्रकाशन गर्न हौसला समेत प्रदान गरीदिनुहुन पाठक वर्ग लगायत सरोकारवाला सबैमा तथ्याङ्क समन्वय कार्यालय, गोरखा हार्दिक अनुरोध गर्दछ ।



तुल्सीराम पोखेल
तथ्याङ्क समन्वय अधिकारी

# बिषय-सूचि

**खण्ड १ कार्यालयको परिचय**

१.१ कार्यालय सम्बन्धी ........ १

१.२ कर्मचारी सम्बन्धी विवरण ........ २

१.३ कार्यालयको नागरिक बडापत्र ........ ४

१.४ कार्यालयको कर्मचारी सांगठनिक चार्ट ........ ५

**खण्ड २ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण**

२.१ कार्यालयका नियमित कार्यहरु ........ ६

२.२ विभिन्न सर्वेक्षणहरू ........ ८

२.३ गोष्ठी तथा समीक्षा ........ १०

२.४ कार्यक्रम/क्रियाकलाप संचालन कार्ययोजना ........ ११

२.५ सम्पन्न गरिएका क्रियाकलापहरु ........ १३

**खण्ड ३ कार्यालयको वित्तिय एव भौतिक प्रगति सम्बन्धि विवरण**

३.१ गत आ.व.को बजेट, खर्च एवं भौतिक प्रगती ........ १५

३.२ बेरूजुको अवस्था ........ २५

३.३ अनुगमन तथा सुपरिवेक्षण ........ २५

**खण्ड ४ कार्यालयको भौतिक अवस्था**

४.१ कार्यालयको भौतिक पूर्वाधार ........ २७

४.२ कार्यालयको जिन्सी विवरण ........ २७

**खण्ड ५ सूचना तथा प्रविधिको अवस्था**

५.१ सूचना तथा प्रविधि अवस्था ........ २८

५.२ सूचना तथा प्रविधिसम्बन्धी भौतिक अवस्था ........ २९

**खण्ड ६ कार्यालयका समस्या र समाधानका उपायहरु**

६.१ कार्यालयका मौजुदा समस्या ........ २९

६.२ समस्या समाधानका उपायहरु ........ ३०

६.३ कार्यालयका अभ्यासहरू ........ ३०

## तालिकाहरूको सूचि

तालिका १.२.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको दरबन्दी सम्बन्धी विवरण....२
तालिका १.२.२ तथ्याङ्क कार्यालय गोरखाका कार्यालय प्रमुखहरूको नामावली ....२
तालिका १.२.३ तथ्याङ्क समन्वय कार्यालय, गोरखाका तथ्याङ्क समन्वय अधिकारीको नामावली ....३
तालिका १.३.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको नागरिक वडापत्र ....४
तालिका १.४.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कर्मचारी सङ्गठन चार्ट ....५
तालिका १.४.२ तथ्याङ्क समन्वय कार्यालय, गोरखामा कार्यरत कर्मचारीहरूको विवरण ....५
तालिका २.४.१ आ.व. २०८१।८२ को कार्ययोजना....११
तालिका २.५.१ आ.व. २०८१।८२ मा सम्पादन गरिएका क्रियाकलापहरू ....१३
तालिका ३.१.१ आ.व. २०८१।८२ को वित्तीय तथा भौतिक प्रगति विवरण ....१५
तालिका ३.१.२ आ.व. २०८१।८२ को वित्तीय तथा भौतिक प्रगति विवरण (ग्राफमा) ....२४
तालिका ३.१.३ आ.व. २०८१।८२ को प्रमुख कार्यक्रमहरुको वित्तीय तथा भौतिक प्रगति विवरण ....२४
तालिका ३.८.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट भएको अनुगमन, निरीक्षण ....२५
तालिका ४.२.१ कार्यालयको जिन्सी विवरण....२७
तालिका ५.१.१ सूचना प्रविधि सम्बन्धि भौतिक सामाग्रीको विवरण ....२८

# खण्ड १
# कार्यालयको परिचय

## १.१ कार्यालय सम्बन्धि

### १.१.१ कार्यालयको गठन र अवस्थिति

विगतमा तथ्याङ्क ऐन २०१५ मा ब्यवस्था भए बमोजिम केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत वि.सं.२०१५ साल मङ्सिर १५ गते स्थापना भएको हो। साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन, २०७९ बमोजिम वि.सं.२०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ। तथ्याङ्क ऐन, २०७९ अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ। साविकको केन्द्रीय तथ्याङ्क विभाग र हालको राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले विगतमा क्षेत्रीय तथ्याङ्क कार्यालयहरु रहेकोमा वि.सं. २०५० साल श्रावण १ गते देखि गोरखा, लमजुङ र मनाङ ३ वटा जिल्ला कार्य क्षेत्र हुने गरी शाखा तथ्याङ्क कार्यालय गोरखाको स्थापना भएको थियो। मिति २०७० साल चैत्र १ गते देखि साविकको शाखा तथ्याङ्क कार्यालय गोरखाको नाम परिवर्तन भई तथ्याङ्क कार्यालय, गोरखा भएको थियो र मिति २०८१ श्रावण १ गतेदेखि पुनः नाम परिवर्तन भई हाल तथ्याङ्क समन्वय कार्यालय, गोरखा रहेको छ। यस कार्यालय गोरखा जिल्लाको गोरखा नगरपालिका वडा नं.-८ , तल्लो बराहमा भाडाको घरमा रहेको छ।

### १.१.२ काम ,कर्तव्य र अधिकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय गोरखा लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा संचालन गरिने गणना एवं सर्वेक्षणमा संलग्न हुने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा संचालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने तालिम संचालन गर्ने, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा संचालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने तालिम संचालन गर्ने,
- आवश्यकता अनुसार प्राथमिक तथा द्धितियक तथ्याङ्क संकलन तथा प्रसोधन गर्ने,
- प्रदेश र कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवमं स्थानीय तहको वस्तुगत विवरण तयार पार्ने ,
- योजना, नीति निर्माण, अध्ययन अनुसन्धान एवम अनुगमन मुल्यांकनको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्क विकासका लागि पैरवी र सुझाव उपलब्ध गराउने,
- वडा र गणना क्षेत्रको सीमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्सांकन गर्ने ,
- प्रदेश, जिल्ला र स्थानीय तहहरूमा तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- तथ्याङ्कीय अभिलेखहरूको संरक्षण,
- तथ्याङ्कको गुणस्तरमा निरन्तरता र एकरूपता कायम गरी विभिन्न निकायसँग समन्वय गर्ने,

## १.२ कर्मचारी सम्बन्धी विवरण

### १.२.१ तथ्याङ्क समन्वय कार्यालयको दरवन्दी विवरण

हाल तथ्याङ्क समन्वय कार्यालय, गोरखाको स्वीकृत दरवन्दी संख्या १३(तेह) रहेको छ, जसमध्ये ९ दरबन्दी पूर्ति भएको अवस्था छ। गणक पदको रिक्त ३ (तीन) दरबन्दी लोकसेवा आयोग पोखरामा माग गरिएको छ। कार्यालय सहयोगीको दुई दरवन्दीमा १ जना स्थायी कार्यालय सहयोगी र एक कार्यालय सहयोगी पद रिक्त रहेको थियो। हाल दरवन्दी र करारका गरी यस कार्यालयमा कार्यरत जम्मा जनशक्तिको संख्या ९(नौ) रहेको छ। पद, श्रेणी, सेवा, समूह एवं संख्या अनुसारको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १.२.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको दरवन्दी सम्बन्धी विवरण

| सि.न. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क स. अधिकारी | रा. प. द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा. प. तृतीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| ३ | सुपरिवेक्षक | रा. प. अनं.प्रथम | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | ३ | |
| ४ | गणक | रा. प. अनं.द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | ० | |
| ५ | खरीदार | रा. प. अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ६ | सहलेखापाल | रा. प. अनं.द्धितीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | १ | |
| **जम्मा** | | | | | **१३** | **९** | |

### १.२.२ तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरुको नामावली

वि.सं. २०५० मा यस शाखा तथ्याङ्क कार्यालय गोरखाको स्थापना पछी वि.स. २०८१ असार ०१ गते सम्म तथ्याङ्क कार्यालय गोरखामा जम्मा १५ जना कार्यालय प्रमुखहरूले काम गर्नु भएको थियो। वि.सं. २०५० सालमा शाखा तथ्याङ्क कार्यालयको रूपमा स्थापना भए पश्चात वि.सं. २०८१ असार ०१ गते सम्म तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरू (का.मु. तथ्याङ्क अधिकृत, तथ्याङ्क अधिकृत र नि.तथ्याङ्क अधिकृत ) को नामावली र कार्यअवधि निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

तालिकाः १.२.२ तथ्याङ्क कार्यालय, गोरखाका कार्यालय प्रमुखहरू ( तथ्याङ्क अधिकृतहरु) को नामावली

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मण श्रेष्ठ | का.मु. तथ्याङ्क अधिकृत | २०५० **भदौ** | २०५० चैत्र |
| २ | श्री दामोदर बास्तोला | का.मु. तथ्याङ्क अधिकृत | २०५१ बैशाख | २०५२ चैत्र |
| ३ | श्री रामहरी गैरे | तथ्याङ्क अधिकृत | २०५३ जेठ | २०५५ पौष |
| ४ | श्री आनन्दराज अर्याल | तथ्याङ्क अधिकृत | २०५५ माघ | २०५६ श्रावण |
| ५ | श्री चिरञ्जिवि अधिकारी | नि. तथ्याङ्क अधिकृत | २०५६**भदौ** | २०५९ फागुन |
| ६ | श्री लोक बहादुर खत्री | तथ्याङ्क अधिकृत | २०५९ फागुन | २०६२ जेठ |

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| ७ | श्री चिरञ्जिवि अधिकारी | नि. तथ्याङ्क अधिकृत | २०६२ जेठ | २०६३ असार |
| ८ | श्री तिर्थराज बराल | तथ्याङ्क अधिकृत | २०६३ असार | २०६५ चैत्र |
| ९ | श्री शिवराज न्यौपाने | तथ्याङ्क अधिकृत | २०६५ चैत्र | २०७० बैशाख |
| १० | श्री उर्मिला शाही | तथ्याङ्क अधिकृत | २०७०।०२।२९ | २०७२।०५।११ |
| ११ | श्री यज्ञमुर्ति भण्डारी | तथ्याङ्क अधिकृत | २०७२।०५।१५ | २०७६/०५/०५ |
| १२ | श्री जिवनाथ आचार्य | तथ्याङ्क अधिकृत | २०७६/०५/०९ | २०७७/१०/२६ |
| १३ | श्री महेश प्रसाद ढुङ्गाना | तथ्याङ्क अधिकृत | २०७७/१०/२६ | २०७९/१२/२४ |
| १४ | श्री जितेन्द्र रानाभाट | तथ्याङ्क अधिकृत | २०८०/०२/०५ | २०८०/०५/०४ |
| १५ | श्री विनोद विश्वकर्मा | नि .तथ्याङ्क अधिकृत | २०८०/०५/०५ | २०८१/०३/०१ |

### १.२.३ तथ्याङ्क समन्वय कार्यालय गोरखाका कार्यालय प्रमुखको नामावली:

साविकमा ३३ तथ्याङ्क कार्यालय रहेकामा नेपाल सरकारको निर्णयानुसार आ.व. २०८१।८२ को शुरूवात देखी १८ वटा मात्र तथ्याङ् समन्वय कार्यालय रहने भए पछि साविकका केही तथ्याङ्क कार्यालयहरु खारेजीमा परे पश्चात तथ्याङ्क कार्यालयहरुको organizational structure तथा केही तथ्याङ्क कार्यालयहरुको Location मा समेत परिवर्तन गरी जम्मा १८ तथ्याङ्क समन्वय कार्यालयको स्थापना र कार्यालय प्रमुखको रुपमा तथ्याङ्क समन्वय अधिकारीको व्यवस्था गरिएको थियो। तथ्याङ्क समन्वय कार्यालय, गोरखाका कार्यालय प्रमुखको नामावली निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

**तालिकाः १.२.३ तथ्याङ्क समन्वय कार्यालय, गोरखाका कार्यालय प्रमुखको नामावली**

| क्र.स. | नामथर | फ | देखि | सम्म |
|---|---|---|---|---|
| १ | दीपक कोइराला | तथ्याङ्क समन्वय अधिकारी | २०८१।३।०२ | २०८१।११।३० |
| २ | तुल्सी राम पोख्रेल | तथ्याङ्क समन्वय अधिकारी | २०८१।१२।०७ | हाल सम्म |

### १.३ कार्यालयको नागरिक बडापत्र

तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन तथा सार्वजनिकीकरण गर्ने, तथ्याङ्को अभिलेख राख्ने, तथ्याङ्कीय साक्षरता तथा चेतना प्रवर्धन गर्ने एवं प्रदेश, जिल्ला र स्थानीय स्तरमा तथ्याङ्कीय कृयाकलापको समन्वय गर्नु तथ्याङ् समन्वय कार्यालयको प्रमुख कार्य जिम्मेवारी रहेको छ। यस कार्यालयले प्रत्यक्षय रूपमा जनताको दैनिक सेवासुविधा सम्बन्धी कार्य नगरी प्राविधिक प्रकृतिको स्टाफ एजेन्सीको रूपमा काम गर्ने गर्दछ। तयाङ्क समन्वय कार्यालय, गोरखाको नागरिक वडापत्र निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १.३.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको नागरिक वडापत्र

| क्र.सं. | संचालन गरिने कार्य/सेवा | कार्य/सेवा संचालन गरिने प्रकृया | कार्य/सेवा प्राप्त/संचालन गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार शाखा/फाँट |
|---|---|---|---|---|---|
| १. | विभिन्न गणना तथा सर्वेक्षणको तथ्याङ्क सङ्कलन | छनौटमा परेका क्षेत्रमा निर्देशनानुसार तथ्याङ्क सङ्कलन गर्ने। | आवश्यकता अनुसार | – | तथ्याङ्क शाखा, सम्बन्धित प्राविधिक फाँट |
| २. | वस्तुगत विवरण तथा तथ्याङ्क प्रकाशन | सम्बन्धित निर्देशिका अनुसार | आवश्यकता अनुसार | – | तथ्याङ्क शाखा, प्रकाशन फाँट |
| ३. | तथ्याङ्क तथा प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन शाखा |
| ४. | तथ्याङ्कीय साक्षरता एवं सचेतना | तालिम, गोष्ठी, बैठक, सञ्चार माध्यम | कार्यविधि, निर्देशिका अनुसार | – | प्रशासन शाखा |
| ५. | कार्यक्षेत्र भित्रका स्थानीय तहहरूसंग तथ्याङ्कीय कृयाकलापको समन्वय | तालिम, गोष्ठी, बैठक, पत्राचार, टेलिफोन, इमेल | आवश्यकता अनुसार | – | प्रशासन शाखा |
| ६. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी, आपसी समन्वय, सम्झौता | आवश्यकता अनुसार | निःशुल्क | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत |
| ७. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन शाखा |

सूचना अधिकारी तथा गुनासो व्यवस्थापन अधिकृतः लोक प्रसाद ढुंगाना
सम्पर्क नम्बरः ०६४-४२०१९८, ९८५६०७०१९८
ईमेलः scogorkha@nsonepal@gov.np
कार्यालय प्रमुखः तुल्सी राम पोख्रेल (मोबाइल नं. ९८६०७०१९८, इमेलः sogorkha98@gmail.com )

तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः ०१-५३४५९४७, ०१-५३२९४०६
ईमेलः info@nsonepal.gov.np
वेब साईटः.nsonepal.gov.np

## १.४ कार्यालयको कर्मचारी सांगठनिक चार्ट

### १.४.१ तथ्याङ्क समन्वय कार्यालयको कर्मचारी सांगठनिक चार्ट

तथ्याङ्क समन्वय कार्यालयमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, रा.प. द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी कार्यालय प्रमुखको रूपमा रहने ब्यवस्था छ। कार्यालयको कामलाई प्राविधिक(तथ्याङ्क) शाखा र प्रशासन शाखा अन्तर्गत रहने गरी विभाजन गरिएको छ। शाखा प्रमुखको रूपमा तथ्याङ्क अधिकृतलाई जिम्मेवारी दिइएको छ। काममा सहजीकरणको लागि तथ्याङ्क शाखा अन्तर्गत राष्ट्रिय लेखा फाँट, मूल्य तथ्याङ्क फाँट, गणना फाँट, सर्वेक्षण फाँट, प्रकाशन फाँट तथा प्रशासन शाखा अन्तर्गत कर्मचारी प्रशासन तथा तालिम फाँट, जिन्सी तथा खरिद फाँट र आर्थिक प्रशासन तथा लेखा फाँट रहने गरी सहायक कर्मचारीहरूको काम बाँडफाट गरिएको छ। तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कर्मचारी सङ्गठन चार्ट देहाय अनुसार रहेको छ।

**तालिकाः १.४.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कर्मचारी साङ्गठनिक चार्ट**

**तथ्याङ्क समन्वय अधिकारी-१**

↓

**तथ्याङ्क अधिकृत-१**

**प्राविधिक फाँट** **प्रशासन फाँट**

↓

**सुपरिवेक्षक-३**

**गणक-३**

**स ले पा-१ खरिदार - २**

**का स -२**

### १.४.२ तथ्याङ्क समन्वय कार्यालय, गोरखामा हाल कार्यरत कर्मचारीहरूको विवरण

हाल तथ्याङ्क समन्वय कार्यालय, गोरखामा जम्मा ९(नौ) जना कर्मचारीहरू कार्यरत रहेका छन्। कर्मचारीहरूको संक्षिप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १.४.२ तथ्याङ्क समन्वय कार्यालय, गोरखामा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | कर्मचारीको नाम | सेवा समूह | श्रेणी | पद | सेवा अवधि | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | तुल्सी राम पोखेल | आ.यो.त., तथ्याङ्क | रा.प. द्वितीय | त.स. अधिकारी | २८ वर्ष | स्नातकोत्तर ,अर्थशास्त्र |
| २. | लोक प्रसाद ढुंगाना | आ.यो.त., तथ्याङ्क | रा.प. तृतीय | तथ्याङ्कअधिकृत | ३ वर्ष | स्नातकोत्तर ,तथ्याङ्कशास्त्र |
| ३. | युवराज चुडाल | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | ७ वर्ष | स्नातकोत्तर ,अर्थशास्त्र |
| ४. | विनोद विश्वकर्मा | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | १०वर्ष | स्नातकोत्तर ,जनसख्याशास्त्र |
| ५. | सरोज कुमार माझी | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | १ वर्ष | स्नातकोत्तर ,तथ्याङ्कशास्त्र |
| ६. | रामेश्वर गुरागाईं | प्रशासन, लेखा | रा.प.अनं. द्वितीय | सह-लेखापाल | ८ वर्ष | स्नातक , अर्थशास्त्र |
| ७. | सुब्बामान श्रेष्ठ | प्रशासन, सा.प्रशासन | रा.प.अनं. द्वितीय | खरिदार | ७ वर्ष | स्नातकोत्तर,माइक्रोबायोलोजी |
| ८. | कुस्माखर सापकोटा | प्रशासन, सा.प्रशासन | रा.प.अनं. द्वितीय | खरिदार | १० वर्ष | स्नातकोत्तर ,गणित |
| ९. | सुमित्रा पाण्डे | प्रशासन, सा.प्रशासन | श्रेणीविहिन | कार्यालय सहयोगी | करार | ४ कक्षा पास |

# खण्ड -२ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

## २.१ कार्यालयका नियमित कार्यहरु

यस कार्यालयमा वार्षिक नियमित रुपमा निम्न बमोजिमकका कार्यहरु संचालन भएका छन्।

### २.१.१ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन

Input Price Index of construction Sector (IPICS) निर्माण सामग्रीमा प्रयोग हुने निर्माण सामग्रीहरुको खुद्रा मूल्यमा हुने वार्षिक परिवतर्नको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको हो। आधार वर्ष २०४१/०४२ लाई लिएर निर्माण गरिएको यस सूचकांकमा निर्माण सामग्रीहरु जस्तै चिरान काठ, सिमेन्ट, ईट्टा,फलामे छड र ज्यालादर समावेश गरिएको थियो । निर्माण सामग्रीहरुको मूल्य सूचकांक (Price Index Of Some Construction Materials) र निर्माणक्षेत्रको ज्याला सूचकांक (Wage Index Of Construction Workers) को संयुक्त सूचकांक (Composite Index) को रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण गरिएको थियो। उपयोगकर्ताको माग र सुझाब अनुसार आ.व. २०५७/०५८ देखि यो सूचकांक त्रैमासिक रुपमा निर्माण गर्न शुरु गरिएको हो। त्रैमासिक सूचकांकहरु बिन्दुगत प्रणालीमा आधारित भएकोले वर्तमान त्रैमासिक सूचकांक अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ। परिवर्तित समयको माग अनुसार आ.व. २०६३/०६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिक रुपमा सूचकांक निर्माण शुरु गरी आधार वर्षको मूल्यसँग तुलनायोग्य बनाइएको छ। निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्नका लागि तथ्याङ्क कार्यालयले प्रत्येक त्रैमाासिकमा नियमित रुपमा निर्माण सामग्रीहरुको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरुको ज्यालादर सम्बन्धी विवरणहरु पाँचवटा उत्तरदाताहरुबाट संकलन गरि तोकिएको समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा Data entry गरी softcopy पठाउने गरिन्छ । मूल्य संकलनका लागि छनौट गरिएका सामग्रीहरुमा ईट्टा, ढुङ्गा,छड,काठ, रङ्ग, सिमेन्ट, विद्युतिय सामग्री, आदि जस्ता २४ किसिमका सामग्रीहरु छन् । यसैगरी निर्माण काममा संलग्न कामदारमा इन्जिनियर, सुपरभाइजर, डकर्मी, सिकर्मी, पेन्टर जस्ता ८ किसिमका कामदारहरुको ज्यालादर संकलन गरिन्छ।

### २.१.२ कृषिजन्य वस्तुहरुको स्थलगत मुल्य सूचकांक तथ्याङ्क संकलन:

नेपाल कृषिप्रधान मुलुक हो। यँहाको दुई तीहाई भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् भने कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी ( २५.२ प्रतिशत ) हिस्सा कृषि क्षेत्रको रहेको छ । तसर्थ कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रुपमा पुर्‍याएको योगदान महत्वपूर्ण रही आएको छ । कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरुको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक हुन्छ । कृषिजन्य वस्तुहरुको उत्पादनको आवधिक एवं स्थान विशेषको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ। यसको साथ साथै कृषिक्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा , कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न पनि कृषि वस्तुहरुको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ। आ.व. २०६५/०६६ देखि साविकको केन्द्रिय तथ्याङ्क विभाग( राष्ट्रिय तथ्याङ्क कार्यालय)को कृषि तथ्याङ्क शाखाले प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य संकलन कार्यक्रम संचालन गरेको थियो । आ.व. २०६६/०६७ दखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिदै आई रहेको छ । तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा Data entry गरी softcopy पठाउने गरिन्छ । कृषि सम्बन्धि मूल्य तथ्याङ्क संकलन गर्नको लागि यस कार्यालयले गोरखा जिल्लामा जिल्लाको प्रतिनिधित्व हुने गरी ५ जना अगुवा कृषकहरुको छनौट गरेको छ। छानिएका कृषकहरुबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालु त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरुको स्थलगत मूल्य संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयममा पठाइन्छ।

### २.१.३ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम :

राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product-GDP), कुल राष्ट्रिय आय (Gross National Income -GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरु (Macro economic indicators) तयार गर्दै आइरहेको छ । राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले आफैले उत्पादन गरेका तथ्याङ्कहरुका साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ । त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरु नियमित रुपमा संकलन गरि तोकिएको समयभित्र रा.त.का.मा पठाउने गरिन्छ । तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कायक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन् ।

१.कृषि तथा मत्स्य
क) कृषि
ख) दूध,मासु र कुखुराको अण्डा उत्पादन
२.होटेल व्यवसाय
(क) तारे होटल
(ख) रेष्टुरेन्ट

३. यातायात
(क) स्थल यातायात
(ख) हवाई यातायात
४.घर जग्गा विकास
५. स्वास्थ्य सेवा
(क) निजी अस्पताल तथा नर्सिङ होम

तथ्याङ्क समन्वय कार्यालयले उल्लेखित क्षेत्रका तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराएका फारामहरुमा तोकिएको Online Data Entry गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ ।

### २.१.४ वार्षिक राष्ट्रिय लेखा कार्यक्रम

वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक पर्ने जिल्ला/ स्थानीय स्तरका विभिन्न क्षेत्रका तथ्याङ्क तथ्याङ्क समन्वय कार्यालयबाट संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ । गत आ.व.मा वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि आवश्यक तथ्याङ्क संकलन गरी Hard copy नै र National account rebasing का लागि संचालित सर्वेक्षणमा नर्सरी, वागवानी, लेखापरिक्षण सेवा र स्वास्थ्वसेवा (diagonostic lab.) सँग सम्बन्धित व्यवसायिक प्रतिष्ठानको सूचि अनुसार आवश्यक sample size बमोजिमको तथ्याङ्क संकलन गरि कार्यालयले Online Data Entry गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ ।

### २.१.५ औद्योगिक उत्पादन र उत्पादकको मुल्य तथ्याङ्क संकलन

औद्योगिक उत्पादनमा भएको परिवर्तन र उत्पादकको मुल्यमा भएको परिवर्तन मापन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक र बार्षिक मुल्य सूचकाङ्क निकाल्ने गर्छ, सोका लागि छानीएका उद्योगहरुबाट आवश्यक तथ्याङ्क कार्यालयले समयमै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गर्दछ तर यस तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र गोरखा, लमजुङ र मनाङ जिल्लामा छानीएका उद्योगहरु नपरेकोले यस प्रकारको तथ्याङ्क यस कार्यालयले सकलन गर्नुपर्दैन ।

### २.१.७ राष्ट्रिय तथ्यगत विवरण (NDP)

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानूनले व्यवस्था गरेबमोजिम गर्ने व्यवस्था गरेको छ। तथ्यमा आधारित नीति निर्माण र निर्णय गर्न स्थान, समाज र जनता सम्बन्धी आधारभूत तथ्याङ्कको आवश्यकता हुने र यस्ता तथ्याङ्कको व्यवस्थापन गर्ने जिम्मेवारी संविधानतः तीनवटै तहमा रहेको छ। पर्याप्त, गुणस्तरीय र सामयिक तथ्याङ्कको अभावमा नीति निर्माण र योजना तर्जुमाको कार्य कठिन हुन जान्छ। तथ्याङ्क सङ्कलन एक गतिशील प्रक्रिया भएको हुँदा यसको उत्पादन पनि निरन्तर हुन जरुरी हुन्छ। राज्यका सबै तहले नीति निर्माण, योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका चरणमा तथ्याङ्कको अपरिहार्यतालाई आत्मसात गरिसकेको सन्दर्भमा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्मको प्रयोगका लागि तथ्यगत विवरणहरूको भरपर्दो र दिगो आपूर्ति गर्ने संयन्त्रको स्थापना हुन वाञ्छनीय देखिन्छ। यस सन्दर्भमा सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. २०७५/७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा "अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ" भन्ने महत्वपूर्ण नीतिबमोजिम "राष्ट्रिय तथ्यगत विवरण" कार्यक्रम शुरु गरिएको छ। यो कार्यक्रम अन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहले उत्पादन गरेको Data यस NDP portal मा राख्न सकिने गरी सबैलाई Data entry गर्न User name र Password उपलब्ध गराइएको छ।आ.ब. २०८१/८२ मा यस कार्यालयको कार्य क्षेत्र भित्रका सबै पालिकाहरुमा सरोकारवाला व्यक्तिहरु (IT officer) संग अन्तरक्रिया गोष्ठी गर्नुका साथै केही पालिका स्तरमा फिल्ड अनुगमन तथा प्रत्यक्ष भेटघाट र कतिपय पालिकाहरुमा मोबाइल इन्टरनेटको माध्यमबाट सम्पर्क गरी अधिकांश पालिकाहरुलाई तथ्याङ्क पोर्टलमा सम्बन्धित Data प्रविष्ट गर्न लगाइएको थियो। तर स्थानीयतहहरुबाट यस portal मा Data Entry लाई खासै प्रथमिकता दिइ data Entry भएको भने पाइएको छैन। यस portal मा Data Entry गर्ने कार्यलाई व्यवस्थित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत केही नीतिगत व्यवस्था गर्न सकेमा र यस कार्यलाई बाध्यकारी बनाउन सकेमा यसको प्रभावकारीता बढ्ने देखिन्छ।

### २.१.८ तथ्याङ्कीय ब्यवसायिक रजिष्टर (Statistical Business Register )

तथ्याङ्कीय ब्यवसायिक रजिष्टरले विभिन्न आर्थिक एवं ब्यवसायिक अध्ययनको लागि भरपर्दो ढाँचा एवं आधार उपलब्ध गराउँछ। जिल्लागत रूपमा सबै आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरुको विवरण तोकिएको ढाँचामा सङ्कलन गरी यसलाई वार्षिक रूपमा अद्यावधिक गर्ने गरिन्छ। सङ्कलित विवरणलाई तोकिएको प्लेटफर्ममा प्रविष्टी गर्ने गरिन्छ। तथ्याङ्कीय व्यवसायिक रजिष्टरले विभिन्न आर्थिक क्षेत्रका सर्वेक्षणहरु संचालनका लागि sampling frame उपलब्ध गराउनुका साथै आर्थिक क्षेत्रगत रुपमा प्रतिष्ठानहरुको विवरण समेत उपलब्ध गराउँदछ।

## २.२ विभिन्न सर्वेक्षणहरू :

आर्थिक वर्ष २०८१।८२ मा यो कार्यालय मार्फत निम्न अनुसारका सर्वेक्षणहरू संचालन गरिएको थियो।

### २.२.१ कुखुरा पालन(Poultry) सर्वेक्षणः

राष्ट्रिय अर्थतन्त्रमा कुखुरापालन व्यवसायले पुऱ्याएको योगदानको अनुमान गर्ने, कुखुरापालन व्यवसायहरूको अवस्था, वितरण, बनोटका र प्रकृतिका बारेमा सूचना उपलब्ध गराउने, यस क्षेत्रमा भएको सालबसाली खर्च, त्यसबाट उत्पादित वस्तुको उपयोगको

बारेमा सूचना उपलब्ध गराउने, यस क्षेत्रमा रहेको रोजगारीको स्थिति, राष्ट्रिय आयमा यस क्षेत्रले ओगटेको अंश यथार्थ योगदान पत्ता लगाउने एवं योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका साथ आ.व. २०८१।८२ मा यो सर्वेक्षण देशव्यापी रूपमा संचालन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कार्यक्षेत्र भित्रका जिल्लाहरूबाट १४५ वटा नमूना छनोट भएका फर्महरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । संकलित फारामहरु निर्धारीत समयमा नै राष्ट्रिय तथ्याङ्क कार्यालय, कृषि तथा पशुपक्षी गणना तथा सर्वेक्षण शाखामा पठाइएको थियो ।

### २.२.२ आन्तरिक पर्यटन (Domestic Tourism) सर्वेक्षणः

यात्रा र यात्रीको विशेषताका बारेमा विवरण सङ्कलन गर्ने, आन्तरिक पर्यटनसँग सम्बन्धित खर्चको विवरण सङ्कलन गर्ने, नेपालीले वैदेशिक भ्रमणमा गरेको खर्च अनुमान गर्ने एवं अर्थतन्त्रमा आन्तरिक पर्यटनको योगदानको अनुमान गर्ने उद्देश्यका साथ आ.व. २०८१।८२ मा आन्तरिक पर्यटन सर्वेक्षणको फिल्डकार्य संचालन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कार्यक्षेत्र भित्रका जिल्लाहरूका ५ वटा नमूना छनोट भएका प्रारम्भिक नमूना एकाइहरूबाट तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य सम्पन्न गरि समयमा नै राष्ट्रिय तथ्याङ्क कार्यालय, व्यापार शाखामा पठाइएको थियो ।

### २.२.३ वन तथा मत्स्य (Fishery & Forestry) सर्वेक्षणः

माछा पालन गरिएका पोखरीहरुको संख्या, जलाशयको क्षेत्रफल तथा उत्पादन अनुमान गर्ने, माछापालक कृषक/व्यवसायीहरूको वर्गिकरण गर्ने एवं मत्स्य विकासका लागि योजना तथा नीति निर्माण गर्न आवश्यक मत्स्य तथ्याङ्क उपलब्ध गराउने साथै वनसँग सम्बन्धित सर्वेक्षणका लागि ढाँचा अद्यावधिक गर्दै वन सम्बन्धी नीति निर्माण, योजनाका लागि र अध्ययन अनुसन्धानका लागि तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका साथ आ.व. २०८१।८२ मा मत्स्य तथा वन तथ्याङ्क सर्वेक्षणका लागि सूचिकरण कार्य देशव्यापीरुपमा संचालन गरीएको हुँदा यस कार्यालयका कार्यक्षेत्रका जिल्लाहरूमा पनि संचालन गरिएको थियो । सो कार्यक्रम संचालन गरी सम्बन्धित प्रतिष्ठानहरूबाट तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य समयमा नै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालय , कृषि तथा वन शाखामा पठाइएको थियो ।

### २.२.४ राष्ट्रिय लेखा आधारवर्ष परिवर्तन(National Account Rebasing) सर्वेक्षणः

आ.व. २०८१।८२ मा यस कार्यालयका कार्यक्षेत्र भित्रका जिल्लाहरूबाट राष्ट्रिय लेखा आधार वर्ष परिवर्तन सर्वेक्षणका लागि प्रतिनिधिमूलक रूपमा व्यवसायिक नर्सरीहरू (पाँच वटा), व्यवसायिक बागवानीहरू (तीनवटा), स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठानहरू (तीन वटा) तथा लेखापरीक्षण सेवा प्रदायक प्रतिष्ठानहरू (तीन वटा) गरी जम्मा १४ वटा प्रतिष्ठानबाट तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य समयमा नै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालय ,राष्ट्रियलेखा शाखामा पठाइएको थियो ।

### २.२.५ नाफा नकमाउने संस्थाहरू(NPISH) को सर्वेक्षणः

नाफा नकमाई घरपरिवारलाई सेवा प्रदान गर्ने नमूना छनोटमा परेका यस कार्यालयको कार्यक्षेत्र भित्रका जम्मा ५० वटा प्रतिष्ठानहरूबाट आ.व. २०८१।८२ मा तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरि समयमा नै राष्ट्रिय तथ्याङ्क कार्यालय, वातावरण शाखामा पठाइएको थियो ।

### २.२.६ अस्थायी वालीको लागत उत्पादन (COP) सर्वेक्षणः

अस्थायी वालीको उत्पादन लागत अध्ययनको लागि यस कार्यालयको कार्यक्षेत्र भित्रबाट नमुना छनोटमा परेका जम्मा ६६ कृषक परिवारबाट छनोटमा परेका अस्थायी वालीहरूको सम्बन्धमा तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य सम्पन्न गरि समयमा नै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालय, कृषि तथा वन शाखामा पठाइएको थियो ।

#### २.२.७ निजी शैक्षिक संस्था (Private Education Institute) सर्वेक्षण:

निजी शिक्षण संस्थाहरूको संरचनागत स्थितिको पहिचान गर्दै शिक्षण सेवा उपलब्ध गराउँदाको लागत, उत्पादन र मूल्य अभिबृद्धि सम्बन्धी अनुमानहरू गर्नुका साथै पूंजिगत तथा स्थायी सम्पत्ती सम्बन्धी तथ्याङ्क उत्पादन गर्ने उद्देश्यका साथ आ.व. २०८१।८२ को उत्तरार्धमा यस कार्यालयको कार्यक्षेत्र भित्रका नमुना छनोटमा परेका ४५ वटा नीजि शिक्षण संस्थाहरूको तथ्याङ्क सङ्कलन र प्रविष्टी सम्बन्धी कार्य समयमा नै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखामा पठाइएको थियो ।

#### २.२.८ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP)

विभिन्न घरपरिवारका उपभोग्य वस्तु तथा सेवाहरू, भाडा तथा ज्यालादरहरू तथा निर्माण संग सम्बन्धित काम तथा सेवाहरूको मूल्य क्रयशक्तिको (Purchasing Power Parity) आधारमा अन्तर्राष्ट्रिय तुलनाका लागि संचालित आ.व. २०८१।८२ मा सर्वेक्षणमा यस कार्यालयबाट मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा मूल्य तथ्याङ्को सङ्कलन एवं प्रविष्टीको कार्य सम्पन्न भएको थियो ।

## २.३ गोष्ठी तथा समीक्षा

#### २.३.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन

तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाई सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ । तथ्याङ्कीय साक्षरता कार्यक्रमले सहि तथ्याङ्कको प्राप्ती र यसको बैज्ञानिक प्रयोग गरी सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी अधिकतम उपलब्धी हासिल गर्ने दिशा तर्फ उन्मुख गराउन प्रेरीत गर्दछ । यसै कुरालाई मनन् गरी आ.व. २०८१।८२ मा यस कार्यालयमा विनियोजित बजेट तथा कार्यक्रम अनुसार ५ पटक स्थानीय तहहरूको लागि साक्षरता कार्यक्रम संचालन गरिएको थियो । यस कार्यक्रमलाई थप विस्तार गर्न आवश्यक देखिन्छ ।

#### २.३.२ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी

विभिन्न छरिएर रहेका तथ्याङ्क एवं सूचनालाई एउटै पोर्टलमा राखी त्यसको अद्यावधिक गर्दै गएमा तथ्याङ्क प्रयोगकर्ता एवं सरोकारवालाहरूलाई अद्यावधिक रूपमा तथ्याङ्क उपलब्ध गराउन सकिन्छ भन्ने सोचका साथ विकास गरिएको राष्ट्रिय तथ्यगत विवरण शुरूवात गरिएको हो । यसमा सम्बन्धित स्थानीय तहले आफ्ना विभिन्न क्षेत्रसंग सम्बन्धित तथ्याङ्क अद्यावधिक गर्नुपर्ने हुन्छ । यसमा भएका तथ्याङ्क एवं सूचनाहरू जो कोही प्रयोगकर्ताहरूले पनि आवश्यकता अनुसार प्रयोग गर्न सक्दछन् । आ.व. २०८१।८२ मा यस कार्यालयको कार्यक्षेत्र भित्रका स्थानीय तह सहभागी हुनेगरी २ पटक (४ दिन) यस कार्यक्रमको कार्यान्वयनको समीक्षा गोष्ठी गरिएको थियो ।

### २.३.३ आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासंग प्रदेश /जिल्ला तहमा अन्तरक्रिया /गोष्ठी

आ.व. २०८२।८३ मा संचालन हुन गइरहेको राष्ट्रिय आर्थिक गणनाको महत्व र आवश्यकता सम्बन्धमा सरोकारवालाहरूमा जानकारी गराई सुझाव समेत सङ्कलन गर्ने उद्देश्यका साथ यस कार्यालयबाट गोरखा र लमजुङ जिल्लामा अन्तरक्रिया गोष्ठी संचालन गरिएको थियो।

### २.३.४ गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालन गरिने विभिन्न जनगणना तथा सर्वेक्षणहरूको महत्व र त्यसबाट प्राप्त हुने सूचना तथा तथ्याङ्को सम्बन्धमा विभिन्न सरोकारवालाहरूसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतको गोरखा जिल्लामा सम्पन्न गरिएको थियो।

### २.३.५ राष्ट्रिय लेखाको आधारवर्ष परिवर्तन(Rebasing) सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल

समय परिवेश अनुसार अर्थतन्त्रको संरचनामा परिवर्न भइरहन्छ, वस्तु तथा सेवाको मूल्यमा परिवर्न भैरहेको हुन्छ तथा आर्थिक तथ्याङ्कलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार समायोजन गर्नुपर्ने हुन्छ। त्यसैले आवधिक रूपमा राष्ट्रिय लेखाको आधारवर्ष परिवर्तन गर्नुपर्ने हुन्छ । आ.व. २०७७।७८ (सन् २०२०/२१) लाई आधार वर्ष परिवर्न गर्नुपर्ने आवश्यकताको सम्बन्धमा सरोकारवालाहरूसंगको अन्तरक्रिया तथा छलफल कार्यक्रम गोरखा जिल्लामा संचालन गरिएको थियो।

## २.४ कार्यक्रम/ क्रियाकलाप संचालन कार्ययोजना

आ.व. २०८१।८२ मा यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यक्रम, खर्च शिर्षक २२५२२ अन्तर्गतका क्रियाकलापहरूलाई कार्यान्वयन गर्नको लागि निम्नानुसारको कार्ययोजना तय गरिएको थियो।

**तालिकाः २.४.१ आ.व. २०८१।८२ को कार्ययोजना**

| सि.नं. | कृयाकलाप | काम संचालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | साउन, कार्तिक, माघ, वैशाख |
| २ | बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | माघ ,फागुन |
| ३ | व्यवसायिक कुखुरा पालन सर्वेक्षण सूचिकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा निरिक्षण गर्न | असोज |
| ४ | व्यवसायिक कुखुरा पालन सर्वेक्षणको मुख्य फिल्ड कार्य तथा निरिक्षण | फागुन,चैत्र |
| ५ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क संकलन र सुपरिवेक्षण गर्ने। | असोज, पुस, चैत्र ,जेठ |
| ६ | कृषि तथ्याङ्क संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत)लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | असोज, पुस, चैत्र, असार |

| सि.नं. | कृयाकलाप | काम संचालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| ७ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँसमेत) तथा सुपसुरिवेक्षण कार्य गर्ने | **भदौ**, मंसिर, फागुन, जेठ |
| ८ | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक | साउन, कार्तिक, माघ ,चैत्र असार |
| ९ | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक सुपरिवेक्षण | कार्तिक, माघ चैत्र, असार |
| १० | मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि तथ्याङ्क संकलन | कार्तिक देखि माघ सम्म |
| ११ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनको अनुगमन | साउन, **भदौ**, असोज, पुस,बैशाख |
| १२ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी (यातायात खर्च सर्च मेत) | **भदौ**, मंसिर, फागुन, बैशाख |
| १३ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल | बैशाख,जेठ |
| १४ | NPISHs सम्बन्धी सूचिकरण गर्ने तथा अध्यावधिक गर्ने | असोज |
| १५ | वार्षिक प्रगति प्रतिवेदन २०८१ | साउन |
| १६ | आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालसग प्रदेश /जिल्ला तहमा अन्तरक्रिया /गोष्ठी | असोज, असार |
| १७ | जिल्लामा आर्थिक गणनाको प्रश्नावली परिक्षण | असोज |
| १८ | आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको लागि भ्रमण खर्च | कार्तिक देखी असार |
| १९ | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | पुस, असार |
| २० | ब्रोसर तयारी तथा छपाई कार्य | कार्तिक, माघ |
| २१ | निजी शिक्षण संस्था सर्वेक्षणको तथ्याङ्क संकलनका लागि खटिने गणकको तलब/दैनिक भ्रमण भत्ता रकम (करार र काजमा लिने दुवै गणकको लागि) | बैशाख |
| २२ | विभिन्न सूचकहरु सहितको प्रदेश वस्तुगत विवरण तयारी तथा प्रकाशन | **भदौ** देखी बैशाख |
| २३ | तथ्याङ्क संकलन र अनुगमन तथा सुपसुरिवेक्षणका लागि खटिने गणकको दैनिक भ्रमण भत्ता रकम करार गणकको लागि समेत (रा.ले.Rebasing सम्बन्धि कार्यको र्य ) | पुस, चैत्र |
